नागरिक एकाङ्क योजना सञ्चालन कार्यविधि, २०८०

€ संचालक समितिको मिति २०८१।०९।२५ को निर्णबाट संसोधन भएको ।

प्रस्तावनाः बचतकर्ताहरुलाई दक्ष लगानी प्रबन्ध सेवा प्रदान गरी बढी लाभ वितरण गर्न, नागरिक लगानी कोष ऐन, २०४७ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी कोषको सञ्चालक समितिले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नागरिक एकाङ्क योजना सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"आर्थिक वर्ष"** भन्नाले प्रत्येक वर्ष साउन महिनाको १ गतेबाट शुरु भई अर्को वर्षको असार महिनाको मसान्तमा समाप्त हुने एक वर्षको अवधिलाई सम्झनु पर्छ।

(ख) **"अङ्कित मूल्य"** भन्नाले एकाङ्क योजना अन्तर्गत जारी गरिएको एकाङ्कको एकाङ्क प्रमाणपत्रमा उल्लेख भएको मूल्य सम्झनु पर्छ।

(ग) **"एकाङ्क"** भन्नाले नागरिक एकाङ्क योजनाले एकाङ्क योजना अन्तर्गत जारी गरेको एकाङ्कलाई सम्झनु पर्छ र सो शव्दले अवस्था अनुसार एकाङ्कको साँवा तथा ब्याज समेतलाई जनाउँछ।

(घ) **"एकाङ्क पुँजी कोष"** भन्नाले दफा ४ बमोजिमको एकाङ्क पुँजी कोष सम्झनु पर्छ।

(ङ) **"एकाङ्क प्रमाणपत्र"** भन्नाले एकाङ्क योजनामा साँवा लगानी गर्ने डिपोजिटरी लगानीकर्तालाई सो लगानीको प्रमाण स्वरुप दिइने प्रमाणपत्र सम्झनु पर्छ।

(च) **"एकाङ्कवाला"** भन्नाले एकाङ्क प्रमाणपत्रमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ।

(छ) **"ऐन"** भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्छ।

(ज) **"कोष"** भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम संस्थापना भएको नागरिक लगानी कोष सम्झनु पर्छ।

(झ) **"खरिद बिक्री मूल्य"** भन्नाले कोषले समय समयमा तोकेको ब्याजदर अनुसार खरिद वा बिक्री मितिका दिन हुने खण्डित अवधिको ब्याज र साँवाको कूल मूल्य सम्झनु पर्छ।

(ञ) **"खुद सम्पत्ति"** भन्नाले बजार मूल्यका आधारमा गणना गरिएको कुल सम्पत्ति र कुल दायित्वको फरकलाई सम्झनु पर्छ ।

(ट) **"प्रतिफल"** भन्नाले एकाङ्क योजना रकमको लगानीबाट आर्जित आयमा ऐन, विनियम तथा दफा १५ बमोजिम भुक्तानी गरिने प्रतिफल सम्झनु पर्छ ।

(ठ) **"ब्याज"** भन्नाले एकाङ्कवालाले धारण गरेको एकाङ्कको खरिद बिक्री भएको दिनको अघिल्लो दिनसम्मको कोषले तोकेको ब्याजदरले दैनिक हिसावले गणना गरिएको ब्याज सम्झनु पर्छ।

(ड) **"योजना"** भन्नाले यस कार्यविधि बमोजिम सञ्चालित नागरिक एकाङ्क योजना सम्झनु पर्छ ।

(ढ) **"वितरण भएको एकाङ्क संख्या"** भन्नाले साँवा बरावरको अङ्कित मूल्यमा बिक्री भई एकाङ्क पूँजी कोषबाट खरिद नभई बाँकी रहेका एकाङ्कको जम्मा संख्या सम्झनु पर्छ।

(ण) **"विनियमावली"** भन्नाले नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८ सम्झनु पर्छ।

(त) "**व्यक्ति**" भन्नाले प्रचलित कानून बमोजिम संस्थापित फर्म, कम्पनी वा संगठित संस्था समेत सम्झनु पर्छ।

३. **नागरिक एकाङ्क योजनाको सञ्चालनः** (१) कोषले नागरिक एकाङ्क योजनाको नामबाट एक एकाङ्क योजना सञ्चालन गर्नेछ।

(२) ऐनको दफा १६ तथा विनियमले व्यवस्था गरे बमोजिम यो योजना अबिछिन्न रुपमा सञ्चालन हुनेछ।

(३) प्रत्येक एकाङ्कको अङ्कित मूल्य एक सय रुपैया हुनेछ।

(४) कोषले आवश्यकता अनुसार एकाङ्कलाई एकीकरण वा पृथकीकरण गर्न सक्नेछ।

(५) एकाङ्क योजना अन्तर्गत लगानी गर्ने सबै एकाङ्कवालाको आफूले लगानी गरेको साँवा रकम बराबर मात्र एकाङ्क पूँजी कोषमा हक हुनेछ ।

(६) कोषले यस योजना अन्तर्गत एकाङ्क जारी गर्दा लगानीकर्ताले गर्नुपर्ने न्यूनतम् सावाको रकम तोकी दिन सक्नेछ र त्यस्तो न्यूनतम अङ्क एकाङ्क खरिद गर्न आह्वान गरिएको सूचनामा उल्लेख गरिनेछ।

€ (७) एकांकवालालाई दिईने व्याजदर कोषले समय समयमा तोके बमोजिम हुनेछ । यसरी तोकिएको व्याजदरको विवरण वेबसाईटमा राखी एकांकवालाहरुलाई जानकारी गराईनेछ ।

४. **एकाङ्क पूँजी कोषः** कोषले बीउ पूँजीको रुपमा गरेको लगानीको रकम, लगानीकर्ताले एकाङ्क खरिद गरे बापत जम्मा गरेको साँवा रकम र एकाङ्क पूँजी कोषको लगानीबाट आर्जित आयमा सञ्चालन खर्च, व्यवस्थापन शुल्क तथा एकाङ्कवालालाई दिनुपर्ने प्रतिफल भुक्तानी गरी बाँकी रहेको रकम समेत समावेश गरी एकाङ्क पूँजी कोष रहनेछ।

५. **एकाङ्क बिक्री सम्बन्धी कार्यविधिः** (१) कोषले देहायका कुरा खुलाई सार्वजनिक सूचना प्रकाशन गरी एकाङ्क खरिद गर्न सर्वसाधारणलाई आह्वान गर्नेछः-

(क) दरखास्त दिने स्थान,

(ख) दरखास्त साथ जम्मा गर्नुपर्ने साँवा रकम,

(ग) प्रथम चरणमा बिक्री खुल्ला रहने अवधि र

(घ) एकाङ्क वितरण गरिने मिति ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गरेको अवधि अगावै एकाङ्क बिक्रीको लागि निर्धारित संख्याको लागि दरखास्त प्राप्त भएको अवस्थामा सूचनामा तोकिएको अवधि अगावै कोषले बिक्री कार्य स्थगन वा बन्द गर्न सक्नेछ।

(३) कोषद्वारा जारी गरिएको एकाङ्क खरिद गर्न चाहने व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम दरखास्त दिंदा अनुसूची-१ को ढाँचामा कोष वा कोषले तोकेको सङ्कलन केन्द्रमा दिनु पर्नेछ।

€ (४) उपदफा (१) बमोजिम एकांक खरिदको लागि दश लाख भन्दा माथिको लागि दरखास्त दिंदा आयश्रोत खुलेको कागजात पेश गर्नुपर्ने वा लिखित रुपमा आयश्रोतको स्वघोषणा गर्नु पर्नेछ ।

(५) एकाङ्कको दरखास्त दिने व्यक्तिले दरखास्त फारममा आफ्नो शेषपछिको नजिकको हकदार व्यक्तिलाई इच्छाउन सक्नेछ। तर नावालकको संरक्षक भई दरखास्त दिने व्यक्तिले त्यसरी हकवाला इच्छाउन पाउने छैन।

(६) संगठित संस्थाले दरखास्त दिंदा दरखास्त साथ संगठित संस्थाको दर्ता प्रमाणपत्र र एकाङ्क खरिद गर्ने सम्वन्धमा गरिएको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्छ।

६. **<u>दरखास्तको जाँचबुझ र स्वीकृतिः</u>** (१) दफा ५ बमोजिम एकाङ्क खरिद सम्बन्धी सूचनाको अवधि सकिए पछि कोषले दरखास्त जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्त आह्वान गर्दा प्रकाशित सूचनामा उल्लिखित अवधि भित्र पेश भए नभएको र दाखिला गर्नु पर्ने कागजात तथा रकम दाखिला भए नभएको र दरखास्त रीतपूर्वक भए नभएको हेर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा रीत पुगेका र समयमै दाखिला भएका दरखास्त स्वीकृत गरी बिक्री बन्द वा स्थगित गरिएको अवधिमा प्राप्त भएका वा रीत नपुगेका वा साँवा रकम पूरा दाखिला नभएका दरखास्त कोषले अस्वीकृत गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम दरखास्त अस्वीकृत भएमा सोको जानकारी दरखास्तवालालाई दिई निजले दरखास्त साथ जम्मा गरेको रकम फिर्ता गर्नु पर्नेछ।

(५) कोषले दरखास्त दिने अन्तिम मितिको दुई महिनाभित्र दरखास्त अस्वीकृत गरेको जानकारी नपठाएको अवस्थामा दरखास्त स्वीकृत भएको मानिनेछ।

७. **<u>एकाङ्क प्रमाणपत्रको वितरणः</u>** (१) दरखास्त अस्वीकृत भएकोमा बाहेक अन्य दरखास्तवालालाई दरखास्त दिने अन्तिम दिनको बढीमा दुई महिनाभित्र एकाङ्क प्रमाणपत्र दिइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एकाङ्कवालाले एकाङ्क प्रमाणपत्र नलिई आफूले खरिद गरेको एकाङ्क बापत जम्मा गरेको रकमको हिसाब एकाङ्कको सावा तथा आर्जित ब्याजलाई लगानी खाताको रुपमा राख्न सक्नेछ। यसरी लगानी खाताको रुपमा राखिएको लगानीको प्रमाणित विवरण कोषले सम्वन्धित एकाङ्कवालालाई उपलव्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम लगानी खाता राख्ने कुरा एकाङ्क खरिद गर्दाको समयमा नै दरखास्तमा उल्लेख गर्नु पर्नेछ।

८. **<u>कोषले लगानी गर्नेः</u>** (१) कोषले एकाङ्कको बिक्री प्रारम्भ गर्नु अघि एकाङ्क पूँजी कोषमा बीउ पूँजीको रुपमा एकमुष्ट पचास लाख रुपैया लगानी गर्नेछ।

(२) उपदफा (१) बमोजिम कोषले गरेको लगानीलाई अन्य एकाङ्कवालाले एकाङ्कमा गरेको लगानी सरह मानिनेछ।

९. **<u>एकाङ्कवालाको दर्ता किताबः</u>** (१) कोषले देहाय बमोजिमको विवरण खोली एकाङ्कवालाको विद्युतीय दर्ता किताब खडा गरी राख्नेछः-

(क) एकाङ्कवालाको नाम र ठेगाना,

(ख) एकाङ्कवालाले लिएको एकाङ्कको क्रम संख्या,

(ग) कूल एकाङ्क संख्या र सावा रकमको विवरण,

(घ) एकाङ्कवालाले एकाङ्क लिएको मिति र निजले आफ्नो स्वामित्वमा राखेको अवधि,

(ङ) कोषले आवश्यक ठानेका अन्य बिवरण ।

(२) कुनै एकाङ्कवालाले आफूले लिएको एकाङ्क धितो बन्धक दिएमा वा बिक्री गरी वा अन्य कुनै व्यहोराले हक छोडी दिएको कारणले एकाङ्कको स्वामित्व परिवर्तन भएमा दाखिल खारेज गरी कोषले एकाङ्कवालाको अभिलेख अध्यावधिक गरी राख्नेछ।

(३) कुनै एकाङ्कवालाले एकाङ्क खरिद गर्दा पेश गरेको नाम, थर, ठेगाना वा अन्य कुनै विवरण परिवर्तन भएमा सो व्यहोरा दर्ता किताबमा जनाउन कोषलाई सूचना गर्नुपर्नेछ । यसरी सूचना प्राप्त भएमा कोषले आवश्यक जाँचबुझ गरी त्यस्तो विवरण सच्याउनेछ।

(४) कोषले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी दर्ता किताब हेर्न निश्चित अवधिको लागि बन्द गर्न सक्नेछ। तर यसरी बन्द गरिने अवधि वर्षभरिमा पटक पटक गरी वा एकैपटक पैतालीस दिनभन्दा बढी हुनेछैन।

१०. **एकाङ्क प्रमाणपत्रमा हक:** (१) कोषले खडा गरेको एकाङ्कवालाको दर्ता किताबमा नाम दर्ता भएको व्यक्तिलाई नै एकाङ्कको हकदार मानिनेछ । यसरी हकदार कायम भएको व्यक्तिलाई एकाङ्कका सम्बन्धमा कुनै पनि रकम, सूचना वा जानकारी दिइएमा एकाङ्कवालाले प्राप्त गरेको मानिनेछ।

(२) एकभन्दा वढी व्यक्तिले संयुक्त रुपमा एकाङ्क खरिद गरेको अवस्थामा एकाङ्क प्रमाणपत्रमा सबैभन्दा पहिले जसको नाम लेखिएको छ, उसलाई एकाङ्कका सम्वन्धमा कुनै पनि रकम सूचना वा जानकारी दिइएमा एकाङ्कवालालाई दिएको मानिनेछ।

तर यस उपदफाको व्यवस्थाले अन्य व्यक्तिलाई सूचना वा जानकारी प्राप्त गर्न बाधा पर्ने छैन ।

(३) एकाङ्कवालाको मृत्यु भएको अवस्थामा एकाङ्कवालाले आफ्नो मृत्यु पश्चात कसैलाई एकाङ्कको हक हस्तान्तरण हुने गरी इच्छाइएको भए निजको नाममा एकाङ्कको स्वामित्व हस्तान्तरण हुनेछ र कसैलाई पनि इच्छाइएको रहेनछ भने त्यस्तो एकाङ्कमा प्रचलित कानून बमोजिमको नजिकको हकवालाको हक हुनेछ।

(४) कोषमा रहेको एकाङ्कमा सो एकाङ्क राख्ने व्यक्ति बाहेक अरु कसैको हकदाबी लाग्ने छैन।

(५) एकाङ्कवालाको मृत्यु भएको अवस्थामा निजले एकाङ्कको हक हस्तान्तरण हुने गरी कुनै व्यक्तिलाई इच्छाएको भएमा इच्छाएको व्यक्तिले देहायका कागजात नोटरी पब्लिकद्वारा प्रमाणित गराई कोषमा निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) मृतकसँग नाता खुल्ने नाता प्रमाणित पत्रको प्रतिलिपि,
(घ) हकवाला नाबालक भएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) सम्बन्धति स्थानीय तह वडा कार्यालयको सिफारिस,
(च) कोषले माग गरेका अन्य कागजात ।

(६) कोषले उपदफा (५) बमोजिमको कागजात सहितको निवेदन पर्न आएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा एकाङ्कको नामसारीको हकदावी सम्बन्धी पैंतीस दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(७) एकाङ्कवालाको मृत्यु पश्चात कसैलाई एकाङ्कको हक हस्तान्तरण हुने गरी इच्छाएको रहेनछ भने प्रचलित कानून बमोजिमको प्राथमिकता क्रमको आधारमा भुक्तानी गरिनेछ ।

(८) उपदफा (७) बमोजिमको प्राथमिकता क्रममा कोही व्यक्ति नभई प्रचलित कानून बमोजिमको हकवालाको त्यस्तो एकाङ्क उपर दाबी नरहेको अवस्थामा सो एकाङ्क कोषको विकास कोषमा जम्मा गरी कोषको विकासमा प्रयोग गरिनेछ।

(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा रहेको एकाङ्क उपदफा (५) बमोजिम हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन।

११. एकाङ्कको हस्तान्तरणः कोषद्वारा दिइएको एकाङ्क प्रमाणपत्र प्रचलित कानूनको रित पुर्याई धितो बन्धक राख्न, बिक्री गर्न वा अन्य कुनै व्यहोराले हक छोडी दिन सकिनेछ।

१२. एकाङ्क प्रमाणपत्रको नक्कल दिने: (१) कुनै एकाङ्कवालाले प्राप्त गरेको एकाङ्क प्रमाणपत्र हराएमा, चोरिएमा, च्यातिएमा वा अन्य कुनै कारणले नासिएमा सोको कारण सहित प्रतिलिपिको लागि कोषमा निवेदन दिनु पर्नेछ।

€ (२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कोषले आवश्यक जाँचबुझ गरी एकांकवालालाई एकसय रुपैयाँ दस्तुर लिई एकांक प्रमाणपत्रको प्रतिलिपि दिनेछ ।

१३. एकाङ्क प्रमाणपत्र सूचीकरणः कोषले एकाङ्क प्रमाणपत्रलाई धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम सूचीकरण गराउन सक्नेछ।

१४. एकाङ्क योजनाको हिसाब किताब र खाताबन्दीः

€ (१) एकांक योजना अन्तर्गत प्राप्त साँवा रकम, सो रकमको लगानीबाट प्राप्त सम्पत्ति वा आर्जित आय, सो योजना अन्तर्गत ग्रहण गरिएको धितोपत्र तथा ती धितोपत्रहरुको खरिद विक्रीबाट भएको नाफा नोक्सान लगायतका विवरण स्पष्ट देखिने गरी मान्यता प्राप्त लेखा प्रणाली अनुसार एकांक योजनाको छुट्टै हिसाब राखिनेछ ।

तर, यसरी हिसाव राख्दा कोषले योजनाको आयमा योजनाको संचालन खर्च, व्यवस्थापन शुल्क तथा दफा १५ बमोजिम तोकिएको व्याज वाहेक अन्य शिर्षकमा खर्च लेख्न पाउने छैन । व्यवस्थापन शुल्क योजनाको खुद सम्पत्तिको आधारमा संचालक समितिले प्रत्येक बर्ष तोके बमोजिम हुनेछ ।

(२) एकाङ्क योजना सम्बन्धी सम्पूर्ण दायित्व सोही योजनाबाट बेहोरिनेछ र अन्य कुनै दायित्व एकाङ्क योजनावाट बेहोरिने वा यस योजनामा सारिने छैन।

(३) कोषले हरेक वर्ष असार मसान्तमा एकाङ्क योजनाको हिसाब किताब तथा खाता बन्द गर्नेछ।

(४) कोषले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गत आर्थिक वर्षमा भएको योजनाको कारोबार, त्यसको लगानी, त्यसमा आर्जित आय तथा त्यसबाट प्राप्त सम्पत्तिको विवरण सहित योजनाको छुट्टै आय-व्यय हिसाब तथा वासलात तयार गर्नेछ। सो आय-व्यय हिसाब तथा वासलात न्यासधारी समितिको सदस्यहरुद्वारा प्रमाणित गराई राखिनेछ।

(५) उपदफा (४) बमोजिम तयार गरिएको कारोबारको विवरण, आय-व्यय हिसाव तथा वासलात लगानीकर्ताहरुको जानकारीको लागि आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र कोषको वेबसाइटमा राखी सबैलाई जनाकारी गराइनेछ।

(६) उपदफा (५) बमोजिम आय-व्यय विवरण तथा वासलात प्रकाशन गर्नु अघि त्यस्तो विवरण, हिसाब तथा वासलात लेखापरीक्षण भई सकेको हुनुपर्नेछ।

१५. <u>प्रतिफल वितरणः</u>

€ (१) कोषले एकांकवालाको साँवाको अंकित मूल्यमा दिईने प्रतिफल समय समयमा निर्धारण गरी कोषको वेवसाईट मार्फत एकांकवालालाई जानकारी दिनेछ ।

(२) खण्डित अवधिको ब्याज हिसाव गर्दा खरिद बिक्री हुने दिनभन्दा अघिल्लो दिनसम्मको प्रतिफल हिसाव गरिनेछ।

(३) उपदफा (१) बमोजिम दिइने प्रतिफल सो आर्थिक वर्ष सकिएको एक महिनाभित्र एकाङ्कवालालाई प्रतिफल भुक्तानी आदेश मार्फत भुक्तानी गरिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम प्रतिफल भुक्तानी गर्दा प्रचलित कानून बमोजिम लाग्ने प्रतिफल कर कट्टा गरेर मात्र भुक्तानी गरिनेछ।

(५) पाकेको प्रतिफल भुक्तानी नलगेका एकाङ्कवालालाई सो भुक्तानी गर्न बाँकी रहेको प्रतिफलमा थप प्रतिफल दिइने छैन।

१६. <u>एकाङ्कको खरिद बिक्रीः</u> (१) कोषले एकाङ्कको उपयुक्त मूल्यांकन र खरिद बिक्री कारोवारलाई तरलता तथा गतिशीलता प्रदान गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को अधीनमा रही एकाङ्कको खरिद बिक्री गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकाङ्क खरिद बिक्री गर्दा कोषले आफै वा कोषले तोकेको बैंक वा वित्तीय संस्था मार्फत खरिद बिक्री गर्न सकिनेछ।

(३) कोषले एकाङ्क प्रमाणपत्रको प्रारम्भिक निष्काशन र वितरण भएको एक वर्षसम्म त्यस्ता एकांङ्क पुनः खरिद बिक्री गर्न नपाउने गरी तोक्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम खरिद गरिएको एकाङ्क संख्या कूल निष्काशित एकाङ्क संख्याको पचहत्तर प्रतिशत भन्दा बढी भएमा कोषले बाँकी एकाङ्क समेत आफैं खरिद गरी एकाङ्क योजनाको हिसाब बन्द गर्न सक्नेछ ।यसरी कोषले आफैं खरिद गर्दा त्यस्ता एकाङ्कवालाहरुलाई एकाङ्क कोषको सम्पतिको मूल्यको आधारमा भुक्तानी गर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकाङ्क योजना बन्द गरेपछि सोही नामबाट वा अन्य कुनै नामबाट कोषले योजना संचालन गर्न बाधा पर्ने छैन।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र बजारमा सूचीकरण नभएसम्म कोषले तोकेको प्रतिफल तथा साँवाको अङ्कित मूल्यमा खरिद बिक्री हुनेछ।

(७) कोषले एकैजना एकाङ्कवालाको नाममा रहेको एक भन्दा बढी एकाङ्क प्रमाणपत्र पुनः खरिद गर्दा प्रति कारोबार उक्त प्रमाणपत्रको कूल मूल्यको आधारमा ०.१५ प्रतिशतका दरले सेवा शुल्क लिनेछ।

१७. **<u>एकाङ्क योजनाको सम्पत्तिको मुल्याङ्कनः</u>** (१) योजनाको पारदर्शीता तथा लगानीकर्ताको हितको लागि आवश्यक आर्थिक सूचना प्रवाह गर्न कोषले योजनाको मूल्याङ्कन गर्दा योजनाको खूद सम्पतिको आधारमा गर्नेछ। यसरी मूल्य निर्धारण गर्दा देहायका आधारमा लिई मूल्याङ्कन गरिनेछः-

(क) योजनाको पूँजी कोषको लगानीमा प्राप्त भएको वा हुने भएको प्रतिफल वा मुनाफा,

(ख) योजना अन्तर्गतका सम्पत्तिहरुको मूल्य वृद्धि तथा ह्रास कट्टी,

(ग) योजनामा प्राप्त वचत पूँजीको लगानीको सम्भावित जोखिम वा नोक्सानी।

(२) एकाङ्क धितोपत्र बजारमा सूचीकरण भएका बखत योजनाको सम्पत्तिको अवस्था आवधिक रूपमा सार्वजनिक गरिनेछ।

१८. **<u>एकाङ्कको मूल्य:</u>** (१) एकाङ्कको खरिद बिक्री मूल्य धितोपत्र बजारमा सूचीकरण भएका बखत बजारमा तोकिए बमोजिम र त्यसरी सूचीकरण हुन नसकेसम्म परल मोलमा खरिद बिक्री हुनेछ।

(२) कोषले खरिद गर्दा सो भन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको प्रतिफल दिनेछ।

१९. **<u>लगानी नीति:</u>** यस कार्यक्रम अन्तर्गत प्राप्त भएको रकमलाई कोषको लगानी नीति, २०७५ बमोजिम लगानी गरिनेछ।

२०. **<u>योजनाको व्यवस्थापन:</u>** (१) कोषमा योजनाको व्यवस्थापन गर्न न्यासधारीको रुपमा ऐनको दफा ४३ बमोजिम देहायको एक प्राविधिक उपसमिति रहनेछः-

(क) कोषको संचालक समितिले तोकेको एकजना	-अध्यक्ष
(ख) कोषका कार्यकारी निर्देशक	-सदस्य
(ग) वित्त, अर्थ, वाणिज्य वा लेखा वा कानूनमा स्नातक भई पूँजीबजार सम्बन्धी विषयमा अनुभव प्राप्त व्यक्ति एकजना	-सदस्य
(घ) नागरिक एकाङ्क योजना हेर्ने विभागीय प्रमुख	-सदस्य
(ङ) नागरिक एकाङ्क योजना हेर्ने महाशाखा/इकाई प्रमुख	-सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको पदावधि तथा बैठक भत्ता सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) योजनाको दायित्व निर्धारण गर्ने र जारी गरिएका एकाङ्क प्रमाणपत्रहरु समर्थन गर्ने,

(ख) एकाङ्कको विभाजन तथा एकीकरण नीति तयार गरी कार्यान्वयन गराउने,

(ग) एकाङ्कवालालाई वितरण गरिने वार्षिक प्रतिफल निर्धारण गर्ने,

(घ) योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कन गर्ने,

(ङ) योजनाको हिसाब किताब राख्ने सम्वन्धमा नीति तय गर्ने, राख्न लगाउने र तिनीहरुको सुरक्षाको व्यवस्था गर्ने,

(च) योजनामा प्राप्त रकमको परिचालनको लागि लगानी नीति निर्धारण गर्ने र ढाँचा तोक्ने,

(छ) योजना अन्तर्गत भएको लगानीको निरन्तर अनुगमन गर्ने र मार्गदर्शन दिने,

(ज) योजनाको आय-व्यय तथा आर्थिक विवरणहरु स्वीकृत गर्ने,

(झ) योजनाको लेखापरीक्षण गराउने र लेखापरीक्षणबाट औंल्याएका बेरुजूहरु नियमित गरी गराई फरफारक गर्ने,

(ञ) योजना सम्बन्धमा प्रगति विवरणहरु प्रकाशित गर्ने।

(ट) योजनाको व्यवस्थापन गर्ने सम्वन्धमा सञ्चालक समितिले तोकी दिएका अन्य कामहरु गर्ने,

(ठ) € योजनाको नाफा नोक्सान हिसाबलाई मध्यनजर गरी खुद सम्पत्तीका आधारमा प्रत्येक आर्थिक बर्षमा व्यवस्थापन शुल्क निर्धारण गर्न संचालक समिति समक्ष सिफारिश गर्ने ।

२१. **<u>कोषले शर्तहरुमा परिवर्तन गर्न सक्नेः</u>** (१)कोषले योजनाका शर्तहरु समय-समयमा थपघट गर्न वा परिवर्तन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शर्तहरुमा थपघट वा परिवर्तन गरेको कुरा कोषको वेबसाइट मार्फत जानकारी गराइनेछ।

२२.**<u>बाधा अडकाऊ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै समस्या वा बाधा अड्काऊ परेमा कोषले आवश्यक निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

२३.**<u>खारेजी र बचाउः</u>** (१) नागरिक एकाङ्क योजना सञ्चालन कार्यविधि, २०५२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

नागरिक लगानी कोष
Citizen Investment Trust
Ownership of Nepal Government

(नागरिक लगानी कोष ऐन २०४७ को दफा १६ बमोजिम नागरिक लगानी कोषद्वारा सञ्चालित)

श्री नागरिक लगानी कोष
नागरिक एकांक योजना
केन्द्रिय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं
पो.ब.नं. : ५८२३

नागरिक एकांक योजना, २०८० को
एकांक खरिद दरखास्त फारम

दर्ता नम्बर :	
मिति :	
बुझिलिनेका दस्तखत : नाम, पद :	
न्यूनतम खरिद गर्न सकिने एकांक	

निवेदकको फोटो
(निवेदक संस्था भएमा संस्थाको छाप)

महाशय,
त्यस कोषबाट निष्काशित एकांक खरिद गर्ने इच्छुक भएकोले देहाय बमोजिम विवरणहरु भरी एकांक बापतको रकम बैक दाखिला रसिद सहित दरखास्त फारम पेश गरेको छु/छौं। त्यस कोषको नियमानुसार एकांक दर्ता किताबमा दर्ता गर्न र सो योजनामा भएको वा भविष्यमा हुने परिवर्तनमा समेत मेरो/हाम्रो मञ्जुरी रहने छ।

खरिद गर्न चाहेको एकांक संख्या	दरखास्त रकम रु. १०० - प्रति एकांकले	बैंकको नाम, शाखा :
अंकमा :	अंकमा रु. :	बैंकको भौचर.नं. :
अक्षरमा :	अक्षरमा रु. :	मिति :

निवेदकको पुरा नाम, थर :	नेपालीमा	सुश्री/श्री/श्रीमती				निवेदकको फोन नं. :	
	अंग्रेजीमा	Miss/Mr/Mrs.				निवेदकको मोबाइल :	
	(USE CAPITAL LETTER)						
नागरिकता नं.		जारी जिल्ला :				जारी मिति :	
बाबुको नाम :				आमाको नाम :			
बाजेको नाम :				छोरा/छोरीको नाम :			
पति/पत्निको नाम :				ससुराको नाम : (विवाहित महिलाको हकमा)			
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम :	नेपालीमा	सुश्री/श्री/श्रीमती					
	अंग्रेजीमा	Miss/Mr/Mrs.					
	(USE CAPITAL LETTER)						
संरक्षकको नाम (नावालकको हकमा) :		नाता :		नागरिकता नं, जिल्ला :		संरक्षकको सम्पर्क नं. :	
इच्छाइएको व्यक्तिको नाम :		नाता :		नागरिकता नं, जिल्ला :		इच्छाइएको व्यक्तिको सम्पर्क नं. :	
निवेदकको स्थायी ठेगाना :	प्रदेश		जिल्ला		गा.पा./न.पा./उ.म.न.पा./म.न.पा		
	वडा नं		गाँउ/टोल				
निवेदकको सम्पर्क ठेगाना :	प्रदेश		जिल्ला		गा.पा./न.पा./उ.म.न.पा./म.न.पा		
	वडा नं		गाँउ/टोल				
पेशा :	☐ कृषि ☐ व्यापार ☐ नोकरी ☐ निवृत्त ☐ गृहिणी ☐ विधार्थी ☐ अन्य					प्यान नं : (ऐच्छिक)	
खाता रहेको बैंकको नाम/ठेगाना				खाता नं.			

निवेदकको रेखात्मक सही

निवेदकको दस्तखत :
(नावालकको हकमा संरक्षकको दस्तखत)

आयश्रोत खुलाईएको विवरण

मैले/हामीले नागरिक लगानी कोषबाट मिति ....मा ....एकांक संख्या वापत रु १००/- का दरले हुने रकम रु. ....को एकांक खरिद गर्न खण्डित अवधिको व्याज सहित जम्मा गरेको रकम रु. ....को आयश्रोत देहाय अनुसार रहेको स्वघोषणा गर्दछु/गर्दछौं।

आयको श्रोत	रकम (रु.)
☐ व्यवसायिक कारोबार	
☐ पारिश्रमिक	
☐ चल/अचल सम्पत्ति बिक्रि	
☐ बैदेशिक रोजगार	
☐ ऋण/सापटी	
☐ अन्य	
जम्मा :	

साथै मेरो/हाम्रो यसभन्दा अगाडी रु...................................बराबरको नागरिक एकांक रहेको व्यहोरा अनुरोध छ।

एकांक खरीदकर्ताको नाम :

दस्तखत :

द्रष्टव्य :
१. आमा वा बाबु अभिभावक भएको अवस्थामा बाहेक नावालक वा विक्षिप्त व्यक्तिको अभिभावक भई एकांक खरिद गर्न चाहनु हुनेहरुले प्रचलित कानून बमोजिम तोकिएको अधिकारीबाट प्रमाणित भै आएको पत्र समेत पेश गर्नु पर्नेछ।
२. नावालक वा विक्षिप्त व्यक्तिको नामबाट दरखास्त दिनु हुनेहरुले दरखास्त फारममा संरक्षकले दस्तखत गर्नुपर्नेछ।
३. खाता रहेको बैंकको नाम र खाता नं. लेख्दा फरक परेमा कोष जिम्मेवार हुनेछैन।
४. नागरिकताको प्रमाणित प्रतिलिपी र अन्य कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने छ।
५. कोषले तोकेको ग्राहक परिचय फाराम।

निवेदकले भर्नुपर्ने

नागरिक लगानी कोष

नागरिक एकांक योजना, २०८०

केन्द्रिय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौं

दर्ता नम्बर :	
मिति :	

नागरिक लगानी कोषद्वारा संचालित नागरिक एकांक योजना २०८० अन्तर्गत एकांक खरिदको लागि निम्न बमोजिम विवरण तथा रकम जम्मा गरेको भौचर सहित दरखास्त सधन्यवाद प्राप्त भयो ।

<table>
<tr><td colspan="4">निवेदकको नाम थर : सुश्री/श्री/श्रीमती
स्थायी ठेगाना :</td><td rowspan="4"><u>दरखास्त बुझ्ने कर्मचारीको</u>
नाम :
पद :
दस्तखत :
कोषको छाप</td></tr>
<tr><td>एकांक संख्या (अंकमा) :</td><td></td><td>अक्षरमा :</td><td></td></tr>
<tr><td>बैंक भौचर दाखिला मिति :</td><td></td><td>रु. (अंकमा) :</td><td></td></tr>
<tr><td>अक्षरेपी :</td><td colspan="3">रु.</td></tr>
</table>

दृष्टव्य : खाता रहेको बैंकको नाम, खाता नं. लेख्दा फरक परेमा कोष जिम्मेवार हुनेछैन । एकांक प्रमाण-पत्र लिन आउँदा यो रसिद अनिवार्य पेश गर्नु पर्नेछ ।